# स्थानीय राजपत्र

## मालिकार्जुन गाउँपालिकाद्वारा प्रकाशित

खण्डः७ संख्याः९ मितिः २०८०।०४।३०

**भाग–२**

**मालिकार्जुन गाउँपालिका**

| | |
|---|---|
| **गाउँ कार्यपालिकाबाट स्वीकृत मिति** | २०८०।०४।२८ |

मालिकार्जुन गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धि कार्यविधि,२०७९(पहिलो संसोधन)

प्रस्तावना .

नेपालको संबिधानको भाग ४ धारा ५१ घ अनुसार स्थानीय स्रोत साधनको अधिक्तम परिचालनग गरी आर्थिक समृद्धि हासिल गर्न तथा बहुसंख्यक जनताको उद्यम व्यवसायमा पहुँच पुर्याउँने उद्धेश्य बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा २ खण्ड ञ को उपखण्ड ६ को आधारमा उद्योग व्यवसाय प्रवर्द्धन बिस्तार साथै गुणस्तरीय एवम् विश्वसनीय सेवा प्रबर्द्धन गर्ने उदेश्य राखी मालिकार्जुन क्षेत्रभित्र संचालित एवम संञ्चालन भई रहेका तथा हुने बिभिन्न व्यवसाईक गतिबिधि हरूलाई कानुनी दायरामा ल्याउन व्यवसाय संञ्चालन मार्फत मालिकार्जुन गा.पा आन्तरिक आम्दानिमा बृद्धि लाई समेत टेवा पुर्याउन स्वच्छ मर्यादित र पर्तिस्पर्धात्मक बजारको प्रर्वद्धन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११२ को अधिनमा रही मालिकार्जुन गाउँपालिकाको कार्यपालिका बैठकबाट यो कार्यविधि पहिलो संशोधन सहित स्बीकृत गरी जारी गरिएको छ।

परिच्छेद -१ प्रारम्भिक -

१- संक्षिप्त नामर प्रारम्भ १ यो कार्यबिधिको नाम मालिकार्जुन गाउँपालिकाको व्यवसाय दर्ता तथा नबीकरण सम्बन्धी कार्यबिधि पहिलो संशोधन -२०८० रहने छ।

२-यो कार्यबिधि स्तानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागुहुने छ।

२. परिभाषा — बिषय वा प्रसगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा .

क. कार्यालय भन्नाले यस मालिकार्जुन गाउँपालिकाको कार्यालय सम्झनु पर्छ।

ख. शाखा भन्नाले यस मालिकार्जुन गाउँपालिकामा रहेका सम्बन्धित बिषयगत शाखा सम्झनु पर्ने छ।

ग. वडा कार्यालय भन्नाले यस मालिकार्जुन गाउँपालिका अन्तरगत ८ वटै वडा कार्यालयहरू सम्झनु पर्छ ।

घ. प्रमुख भन्नाले यस मालिकार्जुन गाउँपालिका को निर्बाचित प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको अधिकार प्राप्तव्यक्ति सम्झनु पर्ने छ।

ङ. उप-प्रमुख  भन्नाले मालिकार्जुन  गाउँपालिकाको निर्बाचित उप –प्रमुख सम्झनु पर्ने छ।

च. कार्यपालिका  सदस्य  भन्नाले मालिकार्जुन गाउँपालिका का सदस्यहरूलाई सम्झनु पर्नेछ ।

छ .प्रमुख प्रशाकीय अधिकृत भन्नाले यस मालिकार्जुन गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

ज.वडा समिति भन्नाले यस मालिकार्जुन गाउँपालिका ८ वटै वडाका समितिहरू सम्झनु पर्नेछ ।

झ. व्यवसायीक भन्नाले यस मालिकार्जुन गाउँपालिका भित्रका सम्बन्धीत व्यवसायी ब्याक्ति वा संस्था सम्झनु पर्ने छ।

ञ. उद्योग प्रबर्द्धन शाखा भन्नाले मालिकार्जुन गाउँपालिकाको उद्योग तथा व्यवसाय सम्बन्धि कार्य हेर्ने शाखा वा ईकाई सम्झनु पर्छ।

ट. कार्यबिधि भन्नाले व्यवसाय  दर्ता तथा नबिकरण सम्धी कार्यबिधि पहिलो संशोधन २०८० सम्झनु पर्नेछ ।

## परिच्छेद -२  व्यवसाय दर्ता सम्बन्धी व्यवस्था

३-उद्योग व्यवसाय प्रवर्दनको क्षेत्र –मालिकार्जुन गाउँपालिकाक्षेत्र भित्रका सबै व्यवसायीहरुलाई यस कार्यबिधिले समेट्नेछ ।

४. उद्योग व्यवसाय प्रबर्दनका बिषयगत क्षेत्र –गाउँपालिका क्षेत्र भित्रका उद्योग व्यवसाय हरू बर्गीकृत गर्ने रलवर्गीकरणको आधारमा आर्थिक ऐनले तोकेको करको दायरामा समाबेश गरिनेछ।

१. दैनिक उपभोग्य बस्तुको उत्पादनर बिक्रि बितरण

क. किराना पसल।

ख. कुटानी पिसानी मिल

ग. तरकारी पसल

घ. पेय पदार्थ उत्पादनर बिक्रि

ङ. दुग्ध जन्य पदार्थ उत्पादन बिक्र

च. खाद्यान संकलन तथा बिक्री बितरण

छ. कपडा पसल सिलाई कटाई —कटाई आदि

ज. मिष्टान  र नमकीन उत्पादन तथा बिक्री

झ.उत्पादन मुलक उद्योग हरु

२‘ सेवा प्रबाह सम्बन्धी  व्यवसाय —

क. आवासीय होटल रिर्सो रेस्टुरेन्ट खाना होटल चियाँ खाजा पसल ।

ख. प्रयटन प्रवर्दन गर्ने व्यवसाय

ग. निर्माण सामग्री बिक्रि बितरण सम्बन्धी व्यवस्था

घ. उद्योग सम्बन्धी व्यवसायहरू

३- ज्ञान सीप सिकाउँने व्यवसाय

क. तालीम केन्द्र व्यवसाईक तालिम केन्द्र ।
ख. निजि बिद्यालय ।
ग. ट्र्युशन केन्द्र अध्यन अनुसन्धान केन्द्र ।

४. प्राकृतिक स्रोत उत्खनन प्रयोग र सेवा प्रवाह गर्ने उद्योग तथा कलकार खाना ।

क* बालुवा प्रहोधन ।

ख. कसर उद्योग । ब्लग रिर्ङ कग्ङकीट ।

घ. फर्निचर ।

ङ. खानी

च. ग्रीन मिल उद्योग ,।

ज.सिलाइ कटाइ लगायतका सेवामुलक उद्योग हरु

झ.सुन चादी लगायत बहुमुल्य उद्योग हरु

५.-मेसिनरी समान निर्माण कम्प्युटर ,समान मर्मत तथा बिक्रि बितरण तथा ईन्जिनियरीङ व्यवसाय सम्बन्धी र कानुन व्यवसाय सम्बन्धी ।

६. रासानिक वस्तु उत्पादन तथा बिक्रि बितरण ।

७. मानब तथा जैबिक स्वास्थ्य फार्मेसि कृषि पशु,स्वास्थ्य उद्योग ,अस्पताल ,क्लीनीक ।

८. ईन्धन प्रशोधन तथा बिक्रि बितरण र एलपि ग्यास,।

९. बिबिध व्यावसाय नर्सरी कृषि ,तथा पशुपाल फार्म कन्सलटेन्सी तथा परामर्स केन्द्र बैदेशिक रोजगार केन्द्र संचालन सेवा सप्लायर्स शैलुन व्युटी पालर्स बुटिक ।

१० .मालिकार्जुन गाउँपालिका को आर्थिक ऐनमा उल्लेख भएको सम्पुण उद्योग तथा व्यवसाय हरू

५.-व्यवसाय दर्ता तथा सूचिकृत सम्बन्धी प्रकृया —

१ प्रर्तेक व्यवसायिले गाउँपालिकाको कार्यालयमा आ-आफ्नो व्यवसय अनिवार्य दर्ता गर्नु पर्ने छ ।र कार्यालयको गाउँपालिकाको कार्यालपालिकाको कार्यालयले अनुचि ४ बमोजिमको ढाचामा अभिलेख व्यवस्थापन गर्नु पर्ने छ।

२. यो कार्यबिधि स्बीकृत भई कायान्वनमा आउनु भन्दा पुर्ब सञ्चालनमा रहेका तथा अन्य निकायमा दर्ता रहेका व्यवसाय गाउँपालिकाको कार्यालयमा सूचिकृत गर्नु पर्नेछ,। र गाउँकार्य पालिकाको कार्यालयले अनुसूचि ५ बमोजिमको ढाँचामा अभिलेख व्यवस्थापन गर्नु पर्नेछ ।

३. व्यवसाय सूचिकृत गर्न गाउँपालिकाको कार्यलयले स्थानीय सचार माध्यमबाट सार्बजनिक सूचना प्रकाशन तथा प्रशारण गर्दा तोकेको समय भित्र व्यवसाय सूचिकृत गरी सक्नु पर्नेछ।

४. साथै नयाँ व्यवसाय सञ्चालन गर्ने व्यवसाईले व्यवसाय सञ्चालन गरेको मितिले १ महिना भित्र अनिवार्य आफ्नो व्यवसाय गाउँपालिकामा दर्ता गरि सक्नु पर्नेछ।

६. व्यवसाय दर्ताका लागि आवश्यक कागजात सम्बन्धी व्यवस्था -/

१. व्यवसाय दर्ताका लागि व्यवसायिले देहायका कागजातहरु सहित अनुसुचि १ बमोजिम ढाचामा गाउँकार्यपालिकाको कार्यालयमा निबेदन पेश गर्नु पर्नेछ।

.क. हालसालै। खिचेको २ प्रति फोटो।

ख. नागरिकता प्रमाण पत्रको प्रतिलिपि।

ग. वडा कार्यालयको सिफारीस ।

घ. व्यवसाय सञचालन हुने जग्गाधनिको प्रमाण पुर्जाको प्रतिलिपि।

ङ अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरी नामा । घरजग्गा बहाल सम्झोता ।

च. उद्योगको हकमा संघियारको मञ्जुरीनामा ।

छं सयुक्त व्यवसाय फर्म वा कम्पनीको हकमा मुख्य व्यक्तिको नाममा व्यवसाय फर्म वा कम्पनीले अधिकार प्रत्यायोजना गरेको पत्रको प्रतिलिपि ,।

७ .प्रमाणपत्र तथा प्रतिलिपि सम्बन्धी व्यवस्था-

१. माथि उल्लेखित कागजातहरू पाप्त भई सके पश्चात आर्थिक ऐनमा तोकिएको दस्तुर लिई कार्यालयको अनुसूचि ३ बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाणप्रत्र प्रमुख प्रशासकिय अधिकृतले जारी गर्नेछ।

२. व्यवसायीले व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि माग गरी निबेदन गरेमा रु ५००-/दस्तुर लिई प्रचलित कानुन बमोजिम प्रतलिपि दिईनेछ,।

३.. यो कार्यविधि लागु हुनु भन्दा पुर्ब दर्ताभई संचालनमा रहेका व्यवसाय तथा गाउँपालिकामा सूचिकृत भएका व्यवसायहरू दफा ८ बमोजिम  पहिलोपटक  नबीकरण गर्दा अनुसूचि ३ बमोजिमको ढाचामा अध्यावधीक प्रमाणपत्र उपलब्ध गराईनेछ।

८. व्यवसाय नबीकरण सम्बन्धी व्यवस्था -

१.प्रतेक व्यवसायीकले आर्थिक वर्ष समाप्त भएको मितिले असोज मसान्त भित्र आफ्नो व्यवसाय अनिवार्य रूपमा गाउँपालिकाको  कार्यालय बाट नबिकरण तथा सूचिकृत गरी सक्नु पर्नेछ।

२. व्यवसाय नबिकरणको लागि अनुसूचि २ को ढाँचामा आवश्यक कागजपत्र संलग्न राखी गाउँ कार्यपालिकाको कार्यालयमा निबेदन दिनुपर्नेछ।

३‘व्यवसाय नबीकरणको प्रमाणपत्र सम्बन्धीत व्यवस्था  व्यवसाय दर्ता प्रमाणपत्रमा व्यवस्था भए बमोजिम हुनेछ।

९-व्यवसाय दर्ता तथा नबिकरण शुल्क र पुनरावलोकन सम्बन्धी व्यवस्था ---

१ व्यवसाय दर्ता नबिकरण सम्बन्धी शुल्क दस्तुर राजस्व परामर्श समितिको सिफारिसमा गाउँसभाबाट स्वीकृत आर्थिक ऐन निर्धारण गरे बमोजिम हुनेछ।

२ आ.व समाप्त भए पछि व्यवसाय दर्ता र नबिकण शुल्कमा गाउँपालिकाको पुनरावलोकन गर्न सक्नेछ। सो पुनरावलोकन भएको शुल्क दस्तुर गाउँसभाबाट अनमोदन गराउँनु पर्नेछ।

३.. उपदाफा २ बमोजिम पुनरावलोकन गरीएको व्यवसाय दर्ता/नबीकरण शुल्क सम्बन्धी जानकारी स्थानीय संचार माध्यम वा अन्य कुनै माध्यम बाट सार्वजनिक गरीनेछ।

१०. व्यवसाय ठाउँसारी नामसारी तथा मरुवा सरुवा सम्बन्धी व्यवस्था —

१.... व्यवसायीलेआफ्नो व्यवसाय एक ठाउँबाट अर्को ठाउँमा   सार्न कार्यालयमा  आबेदन गरेमा आर्थिक ऐनमा तोकिएको दस्तुर लिई ठाउँसारी गर्न सकिनेछ।

२‘व्यवसाईले आफ्नो व्यवसाय बिक्रि गर्न तथा नामसरी गर्न कार्यालयमा आबेदन गरेमा गाउँपालिकाको आर्थिक ऐनमा तोकिएको दस्तुर लिई नामसारी गर्न सकिन्छ।

३.ठाउँ सारी नाम सारी मरुवाको सरूवा गर्न भएको निर्णय प्रमाणपत्रमा उल्लेख गर्नुपर्ने छ ।

४. आवश्यक कागजपत्र बमोजिम मरुवा सरुवा गर्नु पर्ने भएमा सामान्य सिफारिस दस्तुर लिई मरुवा सरुवा गर्न सकिनेछ।

परिच्छेद ---३ अनुगमन तथा कारवाही सम्बन्धी  व्यवस्था —

११.. मूल्यसूचि सम्बन्धित व्यवस्था . सम्पुर्ण व्यवसायीहरूले अनिवार्य रूपमा उपभोक्ताहरूले प्रस्ट देख्ने गरि मूल्यसूचि राखु पर्नेछ।

१२ .बजार अनुगमन सम्बन्धी व्यवस्था --.

१ .मालिकार्जुन गाउँपलिका भित्र सञ्चालन भएका व्यावपार व्यवसायलाई व्यवस्थीत बनाउन नियमित अनुगमन गरिनेछ ।

२. बजार अनुगमन सम्बन्धि अन्य व्यवस्था मालिकार्जुन गाउँपालिकाको बजार अनुगमन कार्यबिधि बमोजिम हुनेछ।

१३- व्यवसाय दर्ता खरेजी व्यवसाय बन्द सम्बन्धी व्यवस्था —

१.तोकिएको मापदण्ड पुरा नगर्ने तथा कानूनी र बित्तिय अनुसासन उपलब्ध  नगर्ने व्यवसाईलाई व्यवसायको प्रकृतिह हेरी ५ दिन देखि ६ महिना सम्मको सुधार गर्न म्याद दिईनेछ।

२. उपदफा १  बमोजिमको अवधि भित्र सुधार नगर्ने उद्योगी व्यवसायको दर्ता खारेजी समेत गर्न सकिनेछ।

३. मालिकार्जुन गाउँपालिकाको  बजार अनुगमन  कार्यबिधि  मा भएको व्यवस्था प्रतिकुल कार्य गरेमा सोही बमोजिम तथा देहायका  कार्य गरेमा व्यवसायको  दर्ता खारेजी वा व्यवसाय बन्द गर्न सकिनेछ।

क. तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नबीकरण नगरेमा ।

ख. निषेध गरिएका सामाग्रीहरू बेचबिखन गरेमा ।

ग. कालाबजारी गरेमा ।

घ. गुणस्तरहीन सामागेरीहरू बेचबिखन गरेमा ।

ङ. म्याद नाघेका सामाग्रीहरू बेचबिखन गरेमा ।

च. चर्को मूल्यमा सामाग्रीहरू बेचबिखन गरेमा ।

छ. प्रदुषित फोहोर सामाग्रीहरू बेचबिखन गरेमा ।

४- वयवसाय सञ्चालन गर्ने व्यवसायीले व्यवसाय सञ्चालन नगर्ने आसय अनुसार गाउँ कार्यपालिकामा निबेदन पेश गरेमा गउँपालिका लाई तिर्नु पर्ने करहरू असुल गरी व्यवसाय बन्द तथा दर्ता खारेज गर्न सकिनेछ ।

५. कुनै व्यवसायको दर्ता खारेज भएमा वा व्यवसाय बन्द भएमा दर्ता खारेजी तथा व्यवसाय बन्दको जानकारी पत्र लिनु पर्नेछ। सोका लागि गाउँ कार्यपालिकाको कार्यालयले अभिलेख व्यवस्थापन गरी दर्ता खारेजी तथा व्यवसाय बन्दको जानकारी पत्र उपलब्ध गराउनु पर्नेछ।

१४. कारवाही र जरिवाना सम्बन्धी व्यवस्था —

१ बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको तुरून्त जरिवाना गरिनेछ।

क.मूल्य सूची नराखेमा रू ५००/

ख.प्रमाणपत्र नराखेमा रू ५००/

ग. तोकिएको समयभित्र व्यवसाय दर्ता तथा नबिकरण तथा सूचिकृत नगरेमा रू २५००/

घ. गुणस्तरहीन सामाग्रीहरू बेचबिखन गरेमा रू ५०००/

ङ. म्याद नाघेका सामाग्रीहरू बेचबिखन गरेमा रू ५०००/

च् . बजार मूल्य भन्दा चर्को मूल्य सामाग्रीहरू बेचबिखन गरेमा रू ५०००/

छ.प्रदुषित फोहोर सामाग्रीहरू बेचबिखन गरेमा रू २०००/

२. उपदाफा १ बमोजिम जरिवाना गरी सके पश्चाप पनि कुनै व्यवसायिकले आफ्नो कमजोरी सुधार नगरेको पाईएमा त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ।

परिच्छेद -४

बिबिध-

१५- प्रोत्साहन र सहजीकरण सम्बन्धी व्यवस्था –

१. कृषि तथा पशुजन्य व्यवसाय सञ्चालन गर्ने स्थानिय व्यवसायीलाई गाउँ कार्य पालिकाको निर्णय अनुसार अनुदान उपलब्ध गराउन सकिनेछ।

२. लक्षित वर्गलाई महिला दलित सिमान्तकृत उत्पीडीत अत्तिबिपन्न उद्यमशिलता प्रबर्द्धनको लागि तालिम तथा युवा स्वरोजगारको नितिअनुसार सहुलियत रिण तथा अनुदान उपलब्ध गराउन सकिनेछ।

३. स्थानिय स्थरमा रोजगार श्रृजना गर्ने उद्यम तथा व्यवसायका बजारिकरण तथा व्यवस्था पनको लागि पुर्बाधा निर्माण गर्न सहुलियत प्रदान गर्न सकिनेछ।

४. उपदफा २ र ३ मा उल्लेख भएको सहुलियत प्रदान गर्दा गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ।

१६.* श्रमीक सम्बन्धी व्यवस्था ---

१. गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका सम्पुर्ण उद्योग व्यवसायले नेपालको प्रचलित श्रम ऐन तथा श्रमसंग सम्बन्धीत प्रचलित कानुनको पूर्ण पालना गर्नु पर्नेछ।

२. प्रचलित श्रम ऐन तथा श्रम संग सम्बन्धित उपदफा २ र ३ मा उल्लेखित भएको सहुलियत प्रदान गर्दा गाउँपालिकाको निर्णय अनुसार हुनेछ ।

१७ . वातावरण तथा भौगौलिक प्रभाव सम्बन्धी व्यवस्था – खानी उत्खलन खोटो संकलन व्यवसायले उत्पादन तथा पाकृतिक स्रोतसाधन प्रयोग गरी सञ्चालन गरिने उद्योग सञ्चालन गर्नु पुर्व वातावरणीय प्रभाव मूल्याङ्कनको आधारमा सो संग सम्बन्धीत बिज्ञको सिफारिसमा अनुमति दिनुपर्नेछ।

२.गाउँपालिका भित्र  संञ्चालन  हुने उद्योग व्यवसायले आफुले उत्पादन  गरेको फोहर तथा प्रदुषण स्वंयमले व्यवस्थापन गर्ने जिम्मेवारी  लिनु पर्नेछ।

३. व्यवसायीहरूले उत्पादन गरेको फोहोर कुहिने छुट्टा छुटै संकलन गरी बिसर्जनको लागि गाउँपालिकाको फोहोर व्यवस्थापकीय पक्षलाई दिनु पर्नेछ।

१८ .बाधाअड्काउँ सम्बन्धी व्यवस्था ----

१.  यो कार्यबिधिको कार्यान्यिन लाई थप व्यवस्थीत र प्रभावकारी बनाउँन गाउँपालिकाले आवश्यकता  अनुसार  थपघट  हेरफेर सशोधन गर्न सक्नेछ ।

२. यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा अबरोध वा अष्पस्टता भएमा  त्यस्तो  बाधा अबरोध हटाउँन गाउँपालिकाले आवश्यकता अनुसार  व्यवस्था गर्न सक्नेछ।

३. यस कार्यबिधिको प्रभावकारी  कार्यान्वयनको  लागि  गाउँकार्यपालिकाले मापण्ड बनाइ   लागु गर्न सक्नेछ।

१९ . बिशेष व्यवस्था ---- यो कार्यबिधि  जारी हुन भन्दा पहिले जारि गरिएको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधी,२०७९ खारेज गरिएको छ उक्त कार्यबिधि  अनुसार गरिएका उद्योग व्यवसाय सम्बन्धी कार्यहरू यसै कार्यबिधि बमोजिम भए गरेको मानिनेछ।

अनुसूची १

दफा ६ सँग सम्बधीत

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू                    मिति ...................

मालिकार्जुन गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

शंकरपुर, दार्चुला

विषयः व्यवसाय दर्ता गरि पाउँ ।

महोदय,

उपरोक्त विषय सम्बन्धमा निवेदन यस प्रकार गर्दछु की, मालिकार्जुन गाउँपालिका वडा न. ....................................मा ....................................................................नामकोव्यवसाय संचालन गर्न इच्छुक रहेकोले नियमानुसार आवश्यक कागजात संलग्न रहेको हुदा यो व्यवसाय दर्ता गरिदिन हुन श्रीमान समक्ष यो निवेदन पेश गर्दछु ।

आवश्यक कागजातहरुः

१. हालसालै खिचेको २ प्रति फोटो ।
२. रु १० को टिकट ।
३. नागरिता प्रमाण पत्रको प्रतिलिपी ।
४. वडा कार्यालयको सिफारिस ।
५. व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी र नागरिताको प्रतिलिपि।
६. अर्काको नाममा भएको जग्गामा व्यवसाय संचालन गर्न दिएमा जग्गाधनीको मञ्जुरीनामा वा सम्झौता ।
७. उद्योगको हकमा सधियारको मञ्जुरीनामा ।
८. चारकिला प्रमाणित वडा कार्यालयबाट ।
९. २ प्रति रेकर्ड फाईल ।

**निवेदकः**

नामः

ठेगान

अनुसूची २

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू मितिः ....................

मालिकार्जुन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

शंकरपुर, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल ।

<u>विषयः व्यवसाय नविकरण ÷सुचिकृत गरि पाउँ ।</u>

महोदय,

उपरोक्त विषय सम्बन्धमा निवेदन यस प्रकार गर्दछुकी, मालिकार्जुन गाउँपालिका वडा न. .............मा ......................................................................नामको व्यवसाय नियमानुसार आवश्यक कागजात संलग्न रहेको हुदा यो व्यवसाय नविकरण÷सुचिकृत गरिदिन हुन श्रीमान समक्ष यो निवेदन पेश गर्दछु ।

<u>आवश्यक कागजातहरुः</u>

१. व्यवसाय दर्ता गरेको सक्ल प्रमाण पत्र ।
२. करचुक्ता प्रमाण पत्र को प्रतिलिपि ।
३. नागरिक्ताको प्रतिलिपी
४. पासपोट साइजको फोटो २ प्रति

**निवेदकः**

**प्रोपाईटरः**

**ठेगानाः**

# अनुसूची ३

मालिकार्जुन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदुरपश्चिम प्रदेश नेपाल

मितिः.................

दर्ता नं :............
दर्ता मिति : ...........

विषय : प्राईभेट फर्म दर्ता प्रमाण पत्र ।

व्यवसाय/फर्मको नाम ............
प्रोप्राइटरको नाम :···.............
ठेगाना :···.............
व्यवसाय रहेको स्थान : ................
व्यवसाय रहेको बाटोको नामः............
फर्मको उद्धेश्यः···.............
उत्पादन वा कारोबार शुरु हुने मिति :···.............
व्यवसाय रहेको घर नं :.........
कूल पूँजीः ···.............स्थिर :···............. चालु
बार्षिक उत्पादन क्षमता :···.............
प्रमाण पत्र जारि गर्ने कार्यालय :···............

**व्यवसायको इमेलः**
**फोन नंः···.............**
**प्यान नंः**

**दर्ता रहेको अन्य निकायः**
**निकायः**
**दर्ता नंः**
**मितिः**

नोट : यो प्रमाणपत्र मालिकार्जुन गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धि कार्य बिध २०७९को दफा ७ बमोजिम प्रदान गरिएको छ ।

...........................
प्रमुख प्रशासकीय अधिकृत

| नविकरण मिति | असुली आ.व. | रसिद नं | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | ...... असार मसान्त सम्म नविकरण गरिएको छ । |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

नोटः यो प्रमाण पत्र जारी भएको मितिले एक वर्षसम्मका लागि वहाल रहने हुँदा प्रत्येक वर्ष श्रावण मसान्तभित्र नियमानुसार नविकरण नगराएमा जरिवाना तथा थप दस्तूर लाग्नेछ ।

मालिकार्जुन गाउँपालिका सुदुरपश्चिम प्रदेश नेपाल ,फोन नं ९८४८८२९५२९,ईमेलःmrmdarchula@gmail.com

मालकिार्जून गाउँपालिका शकरपर दार्चूला

उद्योग दर्ता रजिष्टर

आ.ब.

| क.स | दर्ता नं. र दर्ता मिति | उद्योगको नाम ठेगाना | प्रो.को नाम ठेगाना | पुजि लगानी | | | बार्षिक उत्पादन क्षमता(रु) | कानूनी स्वरुप | | उद्योगको बर्गिकरण | | | उद्योगको प्रकृती | कामदार हरुको संख्या | | रसिद नं. र राजस्व रकम | कार्यालय प्रमुखको दस्ताखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स्थिर पूजि (रु) | चालू पूजि (रु) | कूल पर्सजि (रु) | | प्र.फ. | सा.फ. | लघु उद्यम | घरेलू उद्योग | साना उद्योग | | महिला | पूरुष | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

# अनूसुची छ

मालकिार्जून गाउपालिका शंकरप्र दार्चूला

उद्योग बाणिज्य सुचिकृत अभिलेख

| क.स | फर्मको नाम ठेगाना | प्रोपराइटरको नाम ठेगाना | दर्ता गरिएको कार्यालयको नाम | दर्ता नं. | दर्ता मिति | स्थायि लेखा नं. | करचूक्ता मिति | सूचिकृत गर्ने कार्यालयको नाम | सूचिकृत गरिएको मिति | कानूनि स्वरुप | | रसिद नं. | रकम | फोटो |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | प्रा.फ | सा.फ. | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

अनूसुची ट

मालकिार्जून गाउँपालिका शंकरपुर दार्चुला

उद्योग नबिकरण रजिष्टर

आ.ब.

| क.स | प्रा.फ. सा.फ.<br>दर्ता मिति | उद्योगको नाम<br>ठेगाना | उद्यमीको<br>नाम<br>ठेगाना | नबिकरण<br>गरेको मिति | बहाल मिति | रसिद नं. र<br>नबिकरण<br>गरेको दस्तुर | मयाद नाघी<br>नबिकरण<br>गर्दा<br>जरिवाना | कूल जम्मा | कार्यालय<br>प्रमुखको<br>दस्ताखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनूसुची ठ

मालकिर्जून गाउँपालिका शकरपर दार्चूला

बाणिज्य दर्ता रजिष्ट्रर

आ.व

दर्ता नं. : | दर्ता मिति |

प्राइभेट फर्मको नामः

प्रो.को तिन पुस्ते विवरण :

प्रो.प्र.को नाम ठेगाना :

बाजेको नाम :

बाबूको नाम :

पति पत्निको नाम :

ना.प्र.नं.: मिति

जिल्ला:

फर्मको उद्धेश्य:

फर्मले कारोबार गर्ने मूख्य चिज वस्तु :

फर्ममा लगाउने कूल पूजी :

रसिद नं.: राजस्व रकम

कैफियत :

अनूसुची ड

मालकिार्जुन गाउँपालिका शंकरपुर दार्चुला

बाणिज्य नबिकरण रजिष्ट्रर

आ.ब.

| क.स | प्रा.फ. सा.फ. दर्ता मिति | फर्मको नाम ठेगाना | फर्म धनिको नाम ठेगाना | नबिकरण गरेको मिति | नबिकरण बहाल मिति | रसिद नं. र नबिकरण गरेको दस्तुर | जरिवाना राजस्व | कूल जम्मा | कार्यालय प्रमुखको दस्ताखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

आज्ञाले

नर बहादुर ठगुन्ना

प्रमुख प्रशासकीय अधिकृत